# लेखापरीक्षण प्रतिवेदन

## भीरकोट नगरपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# भीरकोट नगरपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/306

श्रीमान् प्रमुखज्यू,
भीरकोट नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
स्याङ्जा।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/306

श्रीमान प्रमुखज्यू ,

भीरकोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

दार्सिङ, स्याङ्जा।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको लेखापरीक्षणबाट रु.२४ लाख ७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१५ लाख ३६ हजार फस्यौंट भई प्रमाण कागजात पेस गर्नुपर्ने रु.४२ हजार, नियमित गर्नुपर्ने रु.८ लाख २८ हजार गरी जम्मा रु.८ लाख ७० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.४ करोड ४९ लाख ५८ हजार मध्ये रु.३९ लाख ३१ हजार फस्यौंट भई यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु.४ करोड १८ लाख ९६ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४६ | ५७ | २४,०७,०१४ | ० | ४९ | १५,३६,८१४ | ० | ४६ | ८ | ८,७०,२०० | ० | ८,२८,००० | ४२,२०० | ० | ० | ८,७०,२०० | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| स्याङ्जा | ४,४९,५८,००० | | ३९,३१,२८७ | ४,१०,२६,७१३ | | ८,७०,२०० | ४,१८,९६,९१३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | | | **प्रतिकृयाबाट सम्परीक्षण भएको** | |
| १ | २०८१/८२ | | सेनिटरी प्याड खरिद | ८३,३२८ |
| २ | २०८१/८२ | | संघीय समपूरक अनुदान | १०,७६,४१८ |
| ३ | २०८१/८२ | | लागत सहभागिता | १,१४,४०५ |
| ४ | २०८१/८२ | | बैठक भत्ता वढी भुक्तानी | ३१,४५० |
| ५ | २०८१/८२ | | बीस प्रतिशत लागत सहभागिता | ६४,००० |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८१/८२ | | बढी भुक्तानी | ३२,००० |
| ७ | २०८१/८२ | | पाठ्यपुस्तक बढी निकासा | ८,१११ |
| ८ | २०८१/८२ | | पदाधिकारीलाई यातायात | १९,००० |
| ९ | २०८१/८२ | | पदाधिकारी अनुगमन भत्ता | ५,६५२ |
| १० | २०८१/८२ | | छात्रवृत्ति बढी निकासा | ९,६०० |
| ११ | २०८१/८२ | | कार्यालय समयको बैठक भत्ता | २२,९५० |
| १२ | २०८१/८२ | | कर कट्टी छुट | १८,९०० |
| १३ | २०८१/८२ | | अनुगमन भत्ता | ५१,००० |
| | | | जम्मा | १५,३६,८१४ |
| | | | गत विगतको सम्परीक्षण भएको | |
| १४ | २०८०/८१ | | सामुदायिक सिकाई केन्द्र | ५,००,००० |
| १५ | २०८०/८१ | | सफ्टवेयर खरिद | २,७१,८६५ |
| १६ | २०८०/८१ | | शुभकामना सन्देश तथा क्यालेण्डर छपाइ | ९,८५,४१३ |
| १७ | २०८०/८१ | | म्याद ननाघेको पेश्की | ० |
| १८ | २०८०/८१ | | भेरियशन | ८,५०,८५१ |
| १९ | २०८०/८१ | | बैङ्क हिसाब विवरण | ४,७६,३३८ |
| २० | २०८०/८१ | | बढी भुक्तानी | २,२६,००० |
| २१ | २०८०/८१ | | फरक शिर्षक बाट भुक्तानी | १,२०,१७० |
| २२ | २०८०/८१ | | प्रारम्भिक बालविकास अनुदान | ३६,००० |
| २३ | २०८०/८१ | | पेश्की बाँकी | ६०,८५० |
| २४ | २०८०/८१ | | दिवा खाजा | ३,८८,८०० |
| २५ | २०७९/८० | | मृत्यु पश्चात भत्ता भुक्तानीः | ६,००० |
| २६ | २०७९/८० | | कर कट्टी बाँकी | ९,००० |
| जम्मा | | | | ३९,३१,२८७ |
| कुल जम्मा | | | | ५४,६८,१०१ |

# भीरकोट नगरपालिका, स्याङ्जा

# ( ८०४४३४०४३०० )

# भीरकोट नगरपालिका , स्याङ्जा

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ७८.२३ वर्ग किलोमिटर तथा २२ हजार ६४५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१२ देखि २०८२।५।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार, आय -व्यय, सम्पत्ति तथा दायित्वको गरी जम्मा रु.१,४४,९४,९४,१३,८०९।८१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२७,१६७।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | भोचर नं. | दाखिला भएको सञ्चित कोष | रकम |
|---|---|---|---|---|
| १ | शिक्षा तर्फको विभिन्न कार्यक्रमको बढी भुक्तानी | ८६२१५४५५ | सङ्घीय | ९६०० |
| २ | स्वास्थ्य कार्यक्रम १५ प्रतिशत कर कट्टी | ८६१८१२०२ | सङ्घीय | १३५०० |
| ३ | सामाजिक सुरक्षा | | सङ्घीय | ४०६७ |
| | | | जम्मा | २७१६७ |

२ **एकीकृत आय -व्यय**

पालिकाको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम रु. | रकम रु. | विवरण | रकम रु. | रकम रु. |
| सुरु मौज्दात | | ३२९०२८९२.१० | चालु खर्च | | ३८०५०८६८७.१० |
| १.संचित कोष | २४८८४६६०.१० | | १. पालिका तर्फ | १२८७०४०८७.१२ | |
| २.धरौटी | ७०३२००६.०० | | २.संघीय सशर्त | २३६९८४०१७.९८ | |
| ३.कार्य संचालन कोष (विविध खर्च खाता) | ०.०० | | ३.संघीय विशेष | १४८२०५८२.०० | |
| ४.अन्य कोष(प्रकोष व्यवस्थापन कोष खाता) | ९८६२२६.०० | | ४.प्रदेश सशर्त | ०.०० | |
| यस वर्षको आय | | | ५.प्रदेश विशेष | ०.०० | |
| १.आन्तरिक आय | | ४२८८६२०१.१७ | पूँजिगत | | ११२३५१३३८.२७ |
| २.वित्तिय हस्तान्तरण (संघ) | | ४७६७९०६२३.६० | १.पालिका तर्फ | ७८८४७५०६.३७ | |
| क)समानीकरण अनुदान | ९३८२४३२०.०० | | १.संघीय सशर्त | ११२९८७६५.०० | |
| ख)राजश्व बाँडफाँड | ८०४००५४०.४९ | | ३.संघीय विशेष | ५५०७१२०.०० | |
| ग)सशर्त अनुदान | २७११४१०००.०० | | ५.संघीय समपुरक | १०६९०००२.०० | |
| घ)समपुरक अनुदान | १०७०४८५४.०० | | ५.प्रदेश सशर्त | ०.०० | |
| ङ)विषेश अनुदान | २०६९६३७६.०० | | ६.प्रदेश विशेष | १९९९९४४.९० | |
| च)रोयल्टी | २३५३३.११ | | ७.प्रदेश समपुरक | ४००८०००.०० | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | ३५७०२४५९.५६ | अन्तर सरकारी अख्तियारी (संघ) | | १७९५१६९०४.०० |
| क)समानीकरण अनुदान | १३०५५०००.०० | | क)सामाजिक सुरक्षा | १७४३१५५४१.०० | |
| | | | ख)विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र) | ६६६०००.०० | |
| ख)राजश्व बाँडफाँड | १६६३९४५९.५६ | | ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९५६५४७.०० | |
| | | | घ)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३५७८८१६.०० | |
| ग)सशर्त अनुदान | ०.०० | | ५.अन्तर सरकारी अख्तियारी (प्रदेश) | | ०.०० |
| घ)समपुरक अनुदान | ४००८०००.०० | | ६.ऋण/वित्तिय व्यवस्था | | ०.०० |
| ङ)विषेश अनुदान | २००००००.०० | | ७.धरौटी फिर्ता तथा सदर स्याहा | | ४७५८९०९.०० |
| च)रोयल्टी | ०.०० | | ८. कार्यसंचालन कोष आय (विविध खर्च खाता) | | ५०५५३८६.०० |
| छ)अन्य | ०.०० | | ९.अन्य कोषवाट भएको खर्च | | ०.०० |
| ४.अन्तर सरकारी अख्तियारी (संघ) | | १७९५१६९०४.०० | १०.गैरसरकारी संस्थाबाट संचालित योजना | | ०.०० |
| क)सामाजिक सुरक्षा | १७४३१५५४१.०० | | १२.अन्य सहयोगमा प्राप्त संचालित योजना | | ०.०० |
| ख)विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र) | ६६६०००.०० | | १२.अन्य खर्च | | ०.०० |
| ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९५६५४७.०० | | अनुदान फिर्ता | | |
| घ)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३५७८८१६.०० | | १.संघ तर्फ | | २३२४१७४३.०२ |
| ५.अन्तर सरकारी अख्तियारी (प्रदेश) | | ०.०० | क)सशर्त अनुदान | २२८५८२१७.०२ | |
| ६.ऋण/वित्तिय व्यवस्था | | ०.०० | ख) विशेष अनुदान | ३६८६७४.०० | |
| ७.धरौटी आय | | ३१३८४१८.१६ | ग)समपुरक अनुदान | १४८५२.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८.कार्यसंचालन कोष आय (विविध कोष खाता) | | ५९४६१८०.८३ | २. प्रदेश तर्फ | ५५.१० | ५५.१० |
| | | | क)सशर्त अनुदान | ०.०० | |
| | | | ख) विशेष अनुदान | ५५.१० | |
| | | | ग)समपुरक अनुदान | ०.०० | |
| | | | अन्तिम मौज्दात | | ७१४५०६५६.९३ |
| | | | १.संचित कोषको मौज्दात | ६४०५२९१५.७७ | |
| | | | २. धरौटी | ५४११५१५.१६ | |
| | | | ३.कार्यसंचालन कोष (विविध खर्च खाता) | ०.०० | |
| | | | ४.अन्य कोष | | |
| | | | क)विविध कोष खाता | १००००००.०० | |
| | | | ख)प्रकोप व्यवस्थापन कोष खाता | ९८६२२६.०० | |
| जम्मा | | ७७६८८३६७९.४२ | जम्मा | | ७७६८८३६७९.४२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७,४३,१५,५४१।-, विद्यालय शिक्षा क्षेत्र योजनाको रु.६,६६,०००।-, स्वास्थ्य क्षेत्र सुधार योजना (चालु) को रु.९,५६,५४७।- र स्वास्थ्य क्षेत्र सुधार योजना (पुँजीगत) को रु.३५,७८,८१६।- समेत गरी रु.१७,९५,१६,९०४।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१,०६,२४,८९५।- , यस वर्षको प्राप्ति रु.१९,९०,०४,८६४।-,यस वर्षको भुक्तानी रु.२०,६८,१४,०८८।- र बैङ्क मौज्दात रु.२८,१५,६७१।- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २२२७७९९७ | ५४४९७५९२३ | ४९८६१८९३४ | ६८६३४९८६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३२९०२८९२ | ७४३९८०७८७ | ७०५४३३०२२ | ७१४५०६५७ |
| **फरक** | **१०६२४८९५** | **१९९००४८६४** | **२०६८१४०८८** | **२८१५६७१** |

३.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.३,१९,७८,०१५।८१ मौज्दात रहेकोमा यो वर्ष रु.३,२९,०२,८९२।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.९,२४,८७६।१९ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

३.५ **सुत्र बाहिरको खर्च**- पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले कार्य संचालन कोष तर्फ प्रकोप व्यवस्थापन कोष , विविध कोष खाता र विविध खर्च खाता सुत्र प्रणालीमा लेखांकन नगरी म्यानुअल्ली लेखांकन गरेको छ । यस बर्ष कार्यसंचालन कोष तर्फ गत बर्षको मौज्दात रु.९,८६,२२६। समेत आम्दानी रु.६९,३२,४०६।८३ र खर्च रु.५०,५५,३८६। भएकोमा सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत गरी वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३.६ **कर्मचारी कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व बाँडफाँटबाट कर्मचारी अवकास कोषमा रु.१०,००,०००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानुनको व्यवस्था नगरपालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गरेको नियमसम्मत मान्न सकिएन। अतः अवकाष कोष सञ्चालन कार्यविधि निर्माण गरी रकम परिचालन तथा उपयोग गर्नुपर्दछ।

३.७ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातबिच देहाय अनुसार रु.२८,१५,६७१।१२ फरक परेको छ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ६३२२३४७०.६ | ६४०५२९१५.८ | ८२९४४५.१ |
| चालु खर्च खाता | ०.० | ०.० | ०.० |
| पुँजीगत खर्च खाता | ०.० | ०.० | ०.० |
| विविध खर्च खाता | ०.० | ०.० | ०.० |
| विविध कोष खाता | ०.० | १००००००.० | १००००००.० |
| प्रकोप व्यवस्थापन कोष खाता | ०.० | ९८६२२६.० | ९८६२२६.० |
| स्थानीय विभाज्य कोष | ०.० | ०.० | ०.० |
| कर्मचारी कल्याण कोष खाता | ०.० | ०.० | ०.० |
| धरौटी | ५४११५१५.२ | ५४११५१५.२ | ०.० |
| ग१.१ आन्तरिक राजस्व खाता | ०.० | ०.० | ०.० |
| ग१.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.० | ०.० | ०.० |
| बैङ्क | ७१४५०६५६.९ | ७१४५०६५६.९ | ०.० |
| जम्मा | १४००८५६४३.० | १४२९०१३१३.९ | २८१५६७१.१ |

४ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

**बजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,

- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

**खरिद व्यवस्थापनतर्फ**

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

**विविधतर्फ**

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेस्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेस्की फर्स्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।
- निजी स्वामित्वमा रहेको जग्गामा सामुदायिक भवन, पार्किङ स्थल, निर्माण/स्तरोन्नतिको कार्य भए नभएको अभिलेख नराखेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ **आन्तरिक लेखापरीक्षण-**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षकले कायम गरेका अधिकांश बेरुजुका बेहोराहरुमा कानुनी व्यवस्था उल्लेख गरेको छैन। बेरुजु कायम गर्दा कानुनी ब्यबस्था, यथार्थ अवस्था र सुझाबलाई अनिबार्य समावेश गर्नु पर्दछ। तसर्थ आन्तरिक लेखापरीक्षकको क्षमता विकासका लागि तालिम तथा अभिमुखिकरणका कार्यक्रमहरु समावेश गरी पालिकाको आर्थिक प्रशासनलाई पारदर्शि र जवाफदेहि बनाई पालिकाले पेस गरेका वित्तीय विवरणहरुले सहि र यथार्थ चित्रण गरेको छन् भनि सुनिश्चित हुने अवस्था मिलाई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

६ **बजेट पेस, पारित र अख्तियारी-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।८ मा रु.७८ करोड २६ लाख २० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ६७.६२ प्रतिशत मात्रै खर्च भएको अवस्था छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३८७२५००० | २७२२६२०१ | ५.६३ |
| २ | सामाजिक विकास | २८५८७३००० | २५४९२०४४२ | ५२.७६ |
| ३ | पूर्वाधार विकास | ८८२५०००० | ६१६४६२२४ | १२.७६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २२२७०००० | १३०५४५१४ | २.७० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४९१०२३०८ | १२६३२२६४२ | २६.१४ |
| | कुल जम्मा | ५८४२२०३०८ | ४८३१७००२३ | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५२.७६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी २.७० प्रतिशत रहेको छ ।

८ **खर्च विश्लेषण-**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.४,२८,८६,२०१।-, राजस्व बाँडफाँट र अनुदानबाट रु.५२,१५,७७,६८२।२० समेत रु.५६,४४,६३,८८३।- आम्दानी भएकोमा चालुतर्फ रु.३८,०५,०८,६८७।१०, पुँजीगततर्फ रु.११,८५,८४,११२।३७ र वित्तीय व्यवस्थातर्फ रु.४७,५८,९०९।- समेत रु.५०,३८,५१,७०८।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.५१ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.१,२८,३०,९६८।- खर्च भएको छ जुन आन्तरिक आयको २९.९१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६७.४१ प्रतिशत चालु र २१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको

देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ **त्रैमासिक पूँजीगत खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छः

| बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| पूँजीगत खर्च तर्फ | ११२३५१३३८ | १८३८४७९ | २१२८६७४ | ३२७१४३७३ | ७५६६९८१२ | ३९३९१०५१ |
| प्रतिशत | १०० | १.६४ | १.८९ | २९.१२ | ६७.३५ | ३५.०६ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.११ करोड २३ लाख ५१ हजार पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१८ लाख ३८ हजार (१.६४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२१ लाख २९ हजार (१.८९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३ करोड २७ लाख १४ हजार (२९.१२ प्रतिशत) र चौथो त्रैमासिकमा रु.७ करोड ५६ लाख ७० हजार (६७.३५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.३ करोड ९३ लाख ९१ हजार (३५.०६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तिमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१० **बजेट अबण्डा-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.६२,७०,०००।- अबण्डा बजेट व्यवस्था गरी चालुतर्फ रु.२७,८९,३४३।– र पुँजीगततर्फ रु.१४,७०,०००।– समेत रु.४२,५९,२३४३।- खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको समेत देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम हुन सक्दैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहरण देहाय अनुसार छन् :

| क्र.सं. | विवरण | खर्च रकम |
|---|---|---|
| १ | ह्युम पाईप खरिद खर्च रकम वालिङ्ग ह्युमपाईप एण्ड मेटल उद्योग प्रा लिलाई भुक्तानी | ६१००० |
| २ | बयरघारि बिरुवा लुबाडाडा सडक पहिरो नियन्त्रण लाइ भुक्तानी | ३०८५५३ |
| ३ | पासिन्डाडा स्बास्थय केन्द्रलाई भुक्तानी | ४९९५० |
| ४ | दर्शन कन्सट्रक्शनलाई भुक्तानी | ३४७१२० |
| ५ | वडा न ८ को गोदिखोला पुल निर्माण | ५०००० |
| ६ | वडा न ८ को गोदिखोला पुल निर्माण | ० |
| ७ | वडा नं ५ का वडाध्यक्ष कृष्ण बहादुर थापा | ३०००० |
| ८ | अतिथि सत्कार खर्च वडा कार्यालय | ५०००० |
| ९ | वडा नं ९ को वडा स्तरिय पुरुष भलिवल प्रतियोगिता | ३०००० |
| १० | वडा नं ९ को बाटो सरसफाईको खर्च | ५८४२१ |

११ **शीर्षक फरक-** (५४२/2082-03-23):

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ उपदफा ३ मा स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्ने सम्वन्धी सम्पूर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने र उपदफा ७ मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गइ बजेट खर्च गर्न नपाउने उल्लेख रहेको छ । यस पालिको स्वास्थ्य चौकी भवन वडा नं. ५ निर्माण वापत चालु वर्षको विनियोजित बजेटबाट खर्च व्यहोर्नुपर्नेमा पालिकाको आर्थिक वर्ष २०८०।०८१ को भुक्तानी दिन बाँकी शीर्षकबाट यस आर्थिक बर्षको खर्च रु.९,४२,६०४।०० खर्च लेखेको छ । जसले गर्दा बजेट अनुशासन पालना भएको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

१२ **योजना प्राथमिकीकरण-**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २३८ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ५० | १५ | २५ | १० |
| २ | वडास्तरीय | १८८ | ० | १० | १७८ |
| | जम्मा | २३८ | १५ | ३५ | १८८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १६९ योजनामात्र कार्यान्वयन भई ६९ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१३ **वार्षिक खरिद योजना/गुरुयोजना-**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस बर्ष रु.११,२३,५१,३३८।२७ पुँजीगत खर्च/खरिद गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१४ **ठेक्का व्यवस्था-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत निर्माण व्यवसायी छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.०३ देखि ३५ प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | योजनाको नाम | स्वीकृत ल.ई (भ्याट र कन्टिनजेन्सी सहित) | ठेक्का नम्बर | ठेक्का स्वीकृत रकम (भ्याट र कन्टिनजेन्सी सहित) | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सुन्दरबजार स्वरेक सडकको स्तरोन्नति कार्य | ९९९३४३६ | BM/USMMS/NCB/04/081-82 | ६४६७८२५ | ३५.०० |
| २ | सुन्दरबजार मोहनडाँडा ठुलीभञ्ज्याङ देखी पर्वत हातेमालो चोक सडकको स्तरोन्नति कार्य | २७९९६६५२ | BM/USMTPHCS/NCB/05/081-82 | १८४६५८५१ | ३४.०० |
| ३ | नगरपालिका प्रशासनिक भवन ट्रस र रंग | ३४२५२९४ | BM/MABTC/NCB/07/081-082 | २४५८६१७ | २८.०० |
| ४ | वडा कार्यालय-देउराली चोक-कोखे सडकको स्तरोन्नति कार्य | २९९८८७३ | BM/UWKDCKS/NCB/06/081-082 | २५९३५४१ | १३.०० |
| ५ | भीरकोट पार्कमा पौंडी पोखरी, झरना र चेन्जिङ रुम निर्माण | ७५०००३१ | BM/CSPFCR/NCB/10/081-82 | ५३४१४१२ | २८.०० |
| ६ | भीरकोट पार्कस्थित पोखरीको बीचमा मन्दिर निर्माण | ४९९९३८१ | BM/CMMPSBP/NCB/11/081-082 | ३७१८५६१ | २५.०० |
| ७ | आँधीखोला नदीमा नदी तालिम कार्य | ३८६९३७१७ | BM/RTWAR/NCB/03/081-082 | ३७३६९४९९ | ०.०३ |

१५ **ठेक्का अभिलेख-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

### १६ आर्थिक सहायता-

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ३७ संघसंस्था र व्यक्तिहरुलाई विपन्न तथा असहाय औषधिउपचारमा रु.६,६९,२१९।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.४,२८,८६,२०१।- को १.५६ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

### १७ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

### १८ सेवा प्रवाह-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छः

| विवरण | सेवा प्राप्तिका लागि निवेदन सङ्ख्या | सिफारिस सङ्ख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २१ | १३ |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ६४३ | ६४३ |
| मृत्युदर्ता | २७७ | २७७ |
| बसाईसराई दर्ता | १२० | १२० |
| विवाह दर्ता | ३१७ | ३१७ |
| सम्बन्धविच्छेद दर्ता | ७६ | ७६ |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | २.७८ कि.मि. | |
| कालोपत्रे सडक मर्मत | ० | |
| ग्राभेल सडक निर्माण | ५०० मि. | |
| ग्राभेल सडक मर्मत | २०० मि. | |

### १९ कानुन र सञ्चालन स्थिति-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १६ वटा ऐन, ३ वटा नियमावली, ३८ कार्यविधि, ७ निर्देशिका र ७ नर्म्स लगायत ७१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा

ल्याएको छ । साथै पालिकाले ३ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

२० **आय अनुमान-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,१७,७०,१३०।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.१,२४,७५,२३२।- अर्थात् अनुमान भन्दा ४२.७० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२१ **कर तथा शुल्क असुली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४००००० | १६७३८२ | ४१.८५ |
| घरजग्गा वहाल कर | ११००००० | १२९४३५९ | ११७.६७ |
| व्यवसाय कर | ० | ५००० | |
| वहाल विरौटी शुल्क | ० | ५६००० | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२२ **न्यायिक समिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको २४ गरी कुल २८ विवाद दर्ता भएकोमा २० वटा मात्र फर्स्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२३ **तलबी प्रतिवेदन-**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४१ कर्मचारीको रु. २ करोड ६१ लाख ८६ हजार र पालिकाका चालुतर्फ ३५ कर्मचारीको रु २ करोड २७ लाख २६ हजार गरी रु. ४ करोड ८९ लाख १३ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा

संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ९६ जनाको पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका विभिन्न १३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्न सक्ने हुदाँ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२५ **सवारी साधन मर्मत खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।यस पालिकामा चार पाङ्ग्रे सवारिसाधन मात्र ७ वटा रहेका छन् जुन सवारि साधन मर्मत गर्दा मात्र बार्षिक करिव रु ७० लाख खर्च हुने गरेको देखिन्छ । ती सवारि साधनहरुको मर्मत कार्य गर्दा धेरै जसो अवस्थामा सवारी चालक वा सवारि प्रयोग कर्ताले आफुखुसी कार्यालयको आदेश वेगर मर्मत गरेको देखिन्छ जसले गर्दा अभिलेखमा मर्मत आदेश फारम र विलको मिति मिलेको देखिदैन । सवारि साधन मर्मत गर्दा कानुनी रुपमा लागत अनुमान तयार गरि मर्मत आदेश स्वीकृत भएपछि मात्र मर्मत गर्नुपर्दछ । यसरि मर्मत गरिएको विवरणको मर्मत संभार सम्पन्न प्रमाण खडा गरि अभिलेख राख्नु पर्दछ । जसले गर्दा वास्तविक मर्मत र सवारि साधनको सदुपयोगमा सहयोग पुग्दछ ।

२६ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । पालिकाबाट प्राप्त विवरणअनुसार एक महिला बहुउद्वेश्यीय सहकारी संस्था समस्याग्रस्त रहेको छ। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२७ **पेस्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले भीरकोट पार्कमा निर्माण हुने तालमा मन्दिर निर्माणका लागि खिलुङ्गा कालिका निर्माण सेवालाई दिएको मोबिलाइजेसन पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.५,९०,०००।- बाँकी रहेको देखिन्छ । बाँकी रहेको उक्त पेस्की नियमानुसार फस्यौंट गर्नुपर्दछ।

२८ **अनुगमन भत्ता-**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१५,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३०,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

